नगरसभाबाट पारित मिति : २०८३/०१/०६

प्रमाणिकरण मिति : २०८३/०१/०९

# इटहरी उपमहानगरपालिका क्षेत्रभित्रको खानेपानी तथा सरसफाइको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०८२

इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# इटहरी उपमहानगरपालिका खानेपानी तथा सरसफाइको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ को क्रम संख्या १९ मा खानेपानी सम्बन्धी भएको अधिकार कार्यन्वयन गर्न र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को “ध” को १ र २ र खानेपानी तथा सरसफाइ ऐन २०७९ को परिच्छेद ३ को दफा ८ को उपदफा २ को “ग” मा व्यवस्था भए वमोजीम इटहरी उपमहानगरपालिका क्षेत्रमा रहेका खानेपानी स्रोतलाई उचित संरक्षण र सम्बर्धन गर्न, खानेपानी तथा सरसफाइका क्षेत्रमा उपमहानगरपालिका भित्रका सेवा प्रदायक, उपभोक्ता समिति तथा उपभोक्ता संस्थाहरूको अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण, नियमन एवं समन्वय गर्दै सेवा संचालनलाई चुस्त दुरुस्त बनाई गुणस्तरीयता, नियमितता, एकरूपता, पारदर्शिता एवं जवाफदेहिता सहितको सर्वसुलभ रूपमा एकीकृत खानेपानी तथा सरसफाइ सेवा प्रदानका सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इटहरी उपमहानगरपालिकाको १७ औं नगरसभाबाट यो ऐन पारित गरी जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "इटहरी उपमहानगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अनुमति पत्र" भन्नाले यस ऐन बमोजिम खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गर्न दिइन अनुमति पत्रलाई सम्झनुपर्छ ।

(ख) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत् सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनुपर्छ ।

(ग) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्ने व्यक्ति, परिवार, संस्था वा निकाय सम्झनुपर्छ ।

(घ) "उपभोक्ता समिति वा संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने उपभोक्ता समितिको रूपमा रहेको सामुदायिक समितिको विधान बमोजिम साधारणसभा वा अधिवेशनबाट गठन हुने समितिलाई सम्झनुपर्छ ।

(ङ) "उपमहानगरपालिका" भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(च) "ऐन" भन्नाले इटहरी उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२ सम्झनुपर्छ ।

(छ) "कार्यपालिका" भन्नाले इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्नेछ ।

(ज) "खानेपानी" भन्नाले घरेलु, सार्वजनिक र संस्थागत उपयोगका लागि मानव तथा पशु स्वास्थ्यको लागि हानिकारक तत्व नभएको राष्ट्रियस्तरबाट तोकिए बमोजिमको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ ।

(झ) "खानेपानी प्रणाली" भन्नाले खानेपानीको उपलब्ध स्रोतलाई सेवा क्षेत्रभित्र खानेपानीको समग्र व्यवस्थापन गर्ने प्रणालीलाई सम्झनु पर्नेछ ।

(ञ) "खानेपानी तथा सरसफाइ स्वच्छता सेवा" भन्नाले खानेपानी तथा सरसफाइ स्वच्छता सेवा उपभोक्तालाई उपलब्ध गराएको खानेपानी तथा सरसफाइ स्वच्छता सेवालाई सम्झनुपर्छ ।

(ट) "ढल निकास" भन्नाले मानव मलमूत्रसहित वा रहित फोहोर पानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनुपर्छ ।

(ठ) "तोकिए वमोजिम" भन्नाले यस ऐन बमोजिम निर्माण भएको नियमावली, कार्यविधिमा उल्लेख भए बमोजिम नियमावली, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ड) "नगर उपप्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्नेछ ।

(ढ) "नगर प्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको नगर प्रमूखलाई सम्झनु पर्नेछ ।

(ण) "नगर सभा" भन्नाले इटहरी उपमहानगरपालिकाको नगर सभालाई सम्झनु पर्नेछ ।

(त) "परियोजना" भन्नाले उपमहानगरपालिकाबाट अनुमति प्राप्त व्यक्ति वा संघ संस्थाले संचालन गर्ने खानेपानी तथा सरसफाइ परियोजना सम्झनुपर्दछ र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार तथा उपमहानगरपालिकाले आफैं वा उपभोक्ता संस्थासँग संयुक्त रूपमा निर्माण गरी उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजना वा उपमहानगरपालिका वा अनुमति प्राप्त उपभोक्ता संस्था आफैले विकास गरी संचालन गरेको परियोजना समेतलाई सम्झनुपर्छ ।

(थ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ ।

(द) "पानी आपूर्तिकर्ता" भन्नाले उपभोक्ताहरूलाई खानेपानी आपूर्ति गर्न कानुन बमोजिम गठन भएका वा स्वीकृति लिएका संस्थालाई सम्झनु पर्नेछ ।

(ध) "पानीको स्रोत" भन्नाले प्राकृतिक रूपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूलजस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्दछ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानवनिर्मित संरचनालाई समेत सम्झनुपर्छ ।

(न) "पुनर्भरण" भन्नाले जमिनभित्र पानी सञ्चित गर्ने प्रविधिलाई सम्झनुपर्छ ।

(प) "प्रचलित कानुन" भन्नाले नेपाल सरकार, कोसी प्रदेश सरकार र इटहरी उपमहानगरपालिकाले जारी गरेका ऐनलाई सम्झनुपर्छ ।

(फ) "फोहोर पानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निस्कासन हुने मानव तथा पशु मलमूत्रसहित वा रहितको फोहोर पानी सम्झनु पर्दछ र सो शब्दले फोहोर पानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत सम्झनुपर्छ ।

(ब) "महसुल तथा सेवा शुल्क" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराए वापत उपभोक्ताले सम्बन्धित सेवाप्रदायकहरूले तोकेको स्थानमा बुझाउनु

पर्ने शुल्क सम्झनुपर्छ र सो शब्दले बिलम्ब शुल्क, जरिवाना वा जडान शुल्क वा तोकिएका शुल्कहरूलाई समेत जनाउँदछ ।

(भ) "सदस्य" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थाका पदाधिकारीलाई सम्झनुपर्छ ।

(म) "समन्वय समिति" भन्नाले ऐनको दफा ८ बमोजिम गठन हुने नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्झनुपर्छ ।

(य) "सेवा प्रदायक संस्था" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउने उपभोक्ता समिति वा अनुमति प्राप्त अन्य समितिलाई सम्झनुपर्छ ।

(र) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता समिति वा अनुमति पत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमति पत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनुपर्छ ।

(ल) "संगठित संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्नका लागि यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानुन बमोजिम खानेपानी तथा सरसरफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य समिति तथा संस्थासमेतलाई सम्झनुपर्छ ।

(व) "संरचना" भन्नाले खानेपानीको स्रोतबाट पानी जम्मा गर्न, निकाल्न, प्रशारण गर्न, नियन्त्रण गर्न, शुद्धीकरण गर्न तथा वितरण गर्न बनाइएको बोरिङ, लिफ्टिङ, पानी टयाङ्की, पाइपलाइन, निकास धारा, पम्प, घर, पर्खाल ढल निकास तथा फोहोर मैला व्यवस्थापनका लागि बनाईएको अन्य संरचना तथा प्रशोधन केन्द्र एवं त्यसले चर्चेको वा चर्चिने जग्गालाई र त्यस्तै प्रकारको संरचना समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद – २

## खानेपानी तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी व्यवस्था

**३. खानेपानी तथा सरसफाइमा पहुँचको अधिकारः** (१) यस उपमहानगरपालिकामा रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार

हुनेछ र यस ऐन तथा प्रचलित कानुन बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत उपमहानगरपालिकाका प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ-

क) उपभोक्ता समिति स्थापना गर्ने अधिकार,

ख) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

ग) नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

घ) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रूपमा पहुँचको अधिकार ।

३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी उपमहानगरपालिका र सम्बन्धित उपभोक्ता समितिको हुनेछ र यसका लागि उपमहानगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

**४. खानेपानीको स्रोतमा अधिकारः** (१) उपमहानगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकतामा दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोग अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) परम्परागत रूपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था, समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

(४) खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित उपभोक्ता समितिको सहमति लिनु पर्नेछ ।

(५) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रूपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा आयोजनाले उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नुपर्नेछ ।

(६) संघीय सरकार वा प्रदेश सरकारले उपमहानगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व उपमहानगरपालिका र सम्बन्धित समुदायको सहमति लिनु पर्नेछ ।

**५. पानीको स्रोत तथा मुहानको संरक्षणः** १) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, संघ समिति र निकायको कर्तव्य हुनेछ

(२) खानेपानीको स्रोत तथा मुहान संरक्षणका लागि देहाय बमोजिमका कार्यहरू गर्नु पर्नेछ, -

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी, नदी कटानको नियन्त्रण गर्ने,

(ख) पानीको स्रोतलाई प्रदूषित हुन नदिन आवश्यक प्रबन्ध गर्न र स्रोतहरूलाई नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने तथा तिनको नियमित रूपमा उचित मर्मत सम्भार गर्ने/गराउने,

(घ) पानीको संरक्षण, संवर्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्वद्ध पक्षहरूको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा वहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहित गर्ने,

(च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागू गर्ने,

(छ) पानीको स्रोत प्रदूषण हुन नदिन खेतीपातीमा रासायनिक मल प्रयोग गर्दा पानीको स्रोतको ख्याल गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) खानेपानीको स्रोत संरक्षणका लागि उपमहानगरपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ ।

स्पष्टीकरणः सम्बन्धित पक्ष भन्नाले लाभान्वित समिति वा समुदाय, उपभोक्ता समिति, अन्य निकायलाई बुझाउनेछ ।

**६. खानेपानी तथा सरसफाइको पहुँचः** (१) सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न वा उपभोग गर्न सकिने खानेपानीको सर्वव्यापी र समानता मूलक पहुँच भएको अवस्थालाई खानेपानीको पहुँच पुगेको अवस्था मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा राष्ट्रिय मापदण्डको अधीनमा रही उपमहानगरपालिकाले स्थानीय सूचकहरू तोक्न सक्नेछ ।

**७. सुरक्षित खानेपानी युक्त समुदाय घोषणा :** (१) देहायको समुदायलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्न सकिने छ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको अवस्था,

(ख) दफा ६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पुरा गरेको,

(ग) पाइप प्रणालीको धाराबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने इकोली, आर्सेनिक र फ्लोरिन जस्ता रसायनहरूका सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरेको ।

**८. शौचालय निर्माण गर्नुपर्ने :** (१) उपमहानगरपालिकाका सबै घर परिवार, संघ/संस्था, व्यवसायीहरूले अनिवार्य रूपमा शौचालयको निर्माण गरी प्रयोगमा ल्याउनुपर्नेछ ।

(२) नगरका सार्वजनिक स्थलमा शौचालयको निर्माण गर्ने दायित्व स्थानीय समुदाय र उपमहानगरपालिकाको हुनेछ ।

(३) उपदफा (२) बमोजिम सार्वजनिक स्थलमा शौलालय निर्माण गर्न पूर्व उपमहानगरपालिकाले त्यस्तो संरचनाको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्नुपर्नेछ ।

(४) नगरका सबै बिद्यालयमा देहाय बमोजिम शौचालय सुविधाको व्यवस्थापन गर्नुपर्नेछ, -

(क) ५० जना बिद्यार्थी बरावर एक शौचालयको उपलब्धता भएको,

(ख) छात्र छात्राका लागि अलग अलग शौचालय हुनुपर्ने,

(ग) शौचालयमा साबुन पानीको व्यवस्थाभएको हुनुपर्ने,

(घ) छात्राको शौचालयमा सेनेटरी प्याड बिसर्जन ट्यांक जडान गरिएको हुनुपर्ने ।

(५) खुल्ला दिसा मुक्त समुदायको दिगोपनाका लागि उपमहानगरपालिकाले थप नीतिगत व्यवस्था गरी कार्यन्वयनमा ल्याउन सक्नेछ ।

## परिच्छेद - ३
## संस्थागत संरचना, काम, कर्तव्य र अधिकार

**९. नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति :** (१) उपमहानगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ, -

(क) नगर प्रमुख - संयोजक

(ख) उपप्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) सेवा प्रदायक उपभोक्ता संस्थाको मुख्य कार्यालय रहेका वडाका वडाध्यक्षहरू — सदस्य

(ङ) नगर सभाका सदस्य मध्येहरूबाट कार्यपालिकाले तोकेको १ जना — सदस्य

(च) सबै उपभोक्ता संस्थाको प्रतिनिधित्व हुने गरी १ महिला सहित समन्वय समितिले मनोनयन गरेका ५ जना — सदस्य

(छ) नगर प्रमुखले मनोनयन गरेको खानेपानी तथा सरसफाइ सेवा क्षेत्रका विज्ञ १ जना — सदस्य

(ज) उपमहानगरपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने शाखा/इकाई प्रमुख — सदस्य सचिव

**१०. समन्वय समितिको काम, कर्तव्य र अधिकारः** (१) नगर स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछ.-

(क) खानेपानी तथा सरसफाइ व्यवस्थापन सम्बन्धी आवश्यक नीति बनाई स्वीकृतिका लागि कार्यपालिका मार्फत नगरसभामा पेश गर्ने र सो नीतिको कार्यान्वयन गर्ने गराउने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगर कार्यपालिकालाई सुझाव दिने,

(ग) नीति तथा कानूनको समीक्षा गरी समयानुकल संशोधन लागि पेश गर्ने,

(घ) स्थानीय स्तरमा खानेपानी तथा सरसफाइका सम्बन्धमा सेवा विस्तार तथा आवश्यक सुधार कार्यक्रमका लागि अध्ययन गरी नेपाल सरकारको स्वीकृति लिइ विभिन्न दातृ निकायहरूमा योजना बनाई प्रस्ताव पेश गर्ने,

(ङ) उपमहानगरपालिकाका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी आवश्यक नीति, कार्यविधि, निर्देशिका तथा नियमहरूको मस्यौदा निर्माणका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

(च) नेपाल सरकार, गैरसरकारी, स्वदेशी तथा विदेशी संघ, संस्था एवं दातृ निकायहरूको ऋण, सहुलियत वा अनुदानबाट संचालन हुने आयोजनाहरूको आफैं वा उपभोक्ता संस्थासँग संयुक्त रूपमा निर्माण एवं नियमन गर्ने, तर यस्ता आयोजनाहरू सम्पन्न भई सेवा प्रदान गर्ने अबस्थामा सोको सञ्चालन तथा जिम्मेवारी यो कानुनको अधिनमा रही उपभोक्ता संस्था मार्फत गर्ने/गराउने,

(छ) समन्वय समितिको वार्षिक प्रतिवेदन तयार गरी उपमहानगरपालिकामा पेश गर्ने,

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रभावकारी योजना निर्माण, कार्यन्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(झ) कार्यपालिकाले तोकेका अन्य कार्यहरू गर्ने ।

**११. शाखा वा इकाई रहने :** (१) उपमहानगरपालिकाको संगठन संरचनामा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा कार्य गर्नको लागि शाखा वा इकाई रहनेछ ।

(२) उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा वा इकाईको भूमिका तथा जिम्मेवारी तोकिए बमोजिम रहनेछ ।

**१२. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्न सक्नेः** (१) उपमहानगरपालिकाको कुनै क्षेत्र वा वस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्न सक्नेछन् ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन नभएका क्षेत्रमा उपमहानगरपालिकाले उपभोक्ता समिति गठनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।

(३) प्रचलित कानून बमोजिम उपमहानगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू गठन भएमा उपभोक्ता समितिको विधान सहित उपभोक्ता समिति दर्ताका लागि उपमहानगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता समिति दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा खानेपानी तथा सरसफाइ इकाई वा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले विधान स्वीकृत गरी उपभोक्ता समिति दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) उपभोक्ता संस्था/समिति दर्ता तथा नवीकरण गर्दा दर्ता शुल्क रु. ३००० ।- नवीकरण दस्तुर वा वार्षिक शुल्क रु. २००० ।- लाग्नेछ । तोकिएको समयमा नवीकरण नगरेमा प्रतिमहिना रु. ५०० ।— का दरले थप

दस्तुर लाग्नेछ । (दफा ३० बमोजिम नवीकरण गर्नु नपर्ने संस्था/समितिले पनि वार्षिक शुल्क भने बुझाउनुपर्नेछ)

(६) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता समिति स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत उपयोग गर्ने गरी अर्को उपभोक्ता समिति दर्ता गर्न पाइने छैन । तर खानेपानीको स्रोतमा पानी प्रयाप्त भएमा दर्ता भै सकेको वा पहिले देखि नै सञ्चालित खानेपानी योजनालाई असर नगर्ने गरी र सहमति भएमा नयाँ खानेपानी योजनाका लागि सोही स्रोत प्रयोग गर्न बाधा पर्ने छैन ।

(७) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समूह/समितिहरू यो ऐन लागु भएपश्चात् यस उपमहानगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता समिति अद्यावधिक गर्नुपर्नेछ । ती संस्थाहरूले जिल्ला जलस्रोत समिति वा अन्य निकायबाट स्वीकृत विधान संशोधनको प्रस्ताव आफ्नो साधारणसभाबाट पारित गराई उपमहानगरपालिकामा पेश गरेमा उक्त विधान स्वीकृत गरी संस्था अद्यावधिक गरिदिनेछ । तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन ।

**१३. खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्य समिति :** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमिति कम्तिमा ९ र बढीमा १५ सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता समितिको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमितिको कार्यकाल चार वर्षको हुनेछ ।

(४) माथि जेसुकै लेखिएको भएता पनि यो ऐन लागु हुनुपूर्व प्रचलित कानुन बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिको कार्यसमिति सम्बन्धित संस्थाको विधानमा तोकिएबमोजिम हुनेछ ।

**१४. खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको विधान :** (१) उपभोक्ता समितिको विधानमा देहाय बमोजिमका विषयहरू समावेश गर्नुपर्नेछ,-

(क) उपभोक्ता समितिको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत,

(ख) उपभोक्ता समितिको उद्देश्य र कार्यहरू,

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता नहरने आदि),

(घ) अधिवेशन र वार्षिक साधारण सभा तथा अधिवेशन र साधारण सभाका कार्यहरू,

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरू,

(च) कार्य समितिको बैठक र कार्यविधि,

(छ) पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारहरू,

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रस्ताव,

(झ) उपभोक्ता समितिको कोष, आर्थिक लेखा परीक्षण स्रोत तथा चल अचल सम्पत्ति व्यवस्थापन,

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था,

(ट) विविध (विधान संशोधन, समिति विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

(२) उपभोक्ता समितिको विधनामा रहने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) समितिमा आवद्ध हुने सम्पूर्ण सदस्यहरूले उपमहानगरपालिकामा तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण कर चुक्ता गरेको हुनुपर्नेछ ।

## परिच्छेद - ४
## खानेपानी प्रणाली र गुणस्तर सम्बन्धी व्यवस्था

**१५. खानेपानी प्रणालीहरूको वर्गीकरणः** (१) उपमहानगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ-

(क) सामुदायिक खानेपानी प्रणाली,

(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)

(२) उपमहानगरपालिकाले सम्भव भएसम्म व्यक्तिगत खानेपानी प्रणालीलाई प्रवर्धन गर्नेछ ।

**१६. स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने :** यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

**१७. गुणस्तर मापदण्ड तोक्न सक्ने :** (१) खानेपानी तथा सरसफाइको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरू नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी उपमहानगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

**१८. खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाः** उपमहानगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा गुणस्तर मापन परीक्षणका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा तथा स्वच्छता इकाईको मातहतमा रहने गरी प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

**१९. खानेपानी गुणस्तर अनुगमन प्रणालीः** उपमहानगरपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तरलाई अनुगमन गर्ने कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद — ५
## खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन

**२०. खानेपानी तथा सरसफाइ महसुल निर्धारणः** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी उपमहानगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरूको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, उपमहानगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त व्यावसायिक तथा व्यापारिक संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि बिक्रीवितरण गर्ने/गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल नगर कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

२१. महसुल तथा शुल्क लिन पाउने : (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे वापत उपभोक्ता संस्थालाई साधारण सभाले निर्धारण गरे बमोजिमका आधारमा उपभोक्तासँग महसुल तथा सेवा शुल्क लगायत अन्य वैधानिक शुल्क लिने अधिकार हुनेछ ।

(२) उपभोक्ताले खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) व्यापारिक वा व्यावसायिक रूपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रूपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएता पनि उपभोक्ता संस्था/समिति वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालय तथा संस्थाहरूले आफ्नै मापदण्ड तयार गरी विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान बापतको शुल्कमा सहुलियत दिन सक्नेछ ।

**२२. मिनाहा वा छुट दिन सक्नेः** प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, विपन्न वा सिमान्तकृत परिवारले उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

**२३. असुल उपर गर्न सक्नेः** यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था/समिति वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

**२४. खानेपानी सेवाको व्यवस्थापनः** (१) उपमहानगरपालिकाले उपभोक्ता समिति मार्फत उपभोक्ताहरूलाई नियमित र न्यायोचित रूपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(३) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा उपमहानगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपूर्तिका लागि अस्थायी वा वैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(४) उपभोक्ता समितिले व्यक्तिगत खानेपानी प्रणाली भएका घर परिवारमा मिटर जडान गरी दफा २१ बमोजिमको महसुल तथा शुल्क उठाउन सक्नेछ ।

(५) खानेपानीमा सेवाको नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता संस्था/समितिको हुनेछ ।

(७) उपभोक्ता समितिबाट तत्काल मर्मत सम्भार गर्न नसक्ने मनासिव कारण देखाई उपभोक्ता समितिले उपमहानगरपालिकामा मर्मत सम्भारका लागि अनुरोध गरेमा उपमहानगरपालिकाबाट तत्काल प्राविधिक टोली पठाई आवश्यक समन्वय र सहयोग गर्नेछ ।

(८) खानेपानी सेवाको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ६
## पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था

**२५. पूर्वाधारको निर्माण वर्गीकरण :** (१) उपमहानगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वित  घरधुरीका आधारमा देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ-

(क) ठुला आयोजनाः ५०० घर परिवार भन्दा बढी लाभान्वित हुने खानेपानी योजनालाई ठुला आयोजनामा वर्गीकरण गरिनेछ ।

(ख) मझौला आयोजनाः १०० देखि ५०० घर परिवार लाभान्वित हुने आयोजनालाई मझौला आयोजनामा वर्गीकरण गरिनेछ ।

(ग) साना आयोजनाः १०० भन्दा कम घर परिवार लाभान्वित भएको आयोजनालाई साना आयोजनामा वर्गीकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका साना आयोजनाहरू निर्माणका लागि उपमहानगरपालिका आफैं र मझौला तथा ठूला आयोजनाको निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदनसहित संघ तथा प्रदेश सरकार र विभिन्न विकास साझेदार निकायमा पेश गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जेसुकै लेखिएको भएता पनि साना आयोजना निर्माणका लागि संघ, सरकार, प्रदेश सरकार र विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन ।

**२६. समुदायको योगदान सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले देहायका क्षेत्रमा कुल लागतको १० प्रतिशत जनश्रमदान गर्नुपर्नेछ ।

(क) गैर स्थानीय निर्माण सामग्री मोटर/गाडी नआउने स्थानबाट ढुवानी,

(ख) स्थानीय सामाग्री संकलन तथा ढुवानी,

(ग) पाइपलाईन खनाई तथा पुर्ने कार्य,

(घ) अन्य अदक्ष कामदार सरहको कार्य ।

(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वित घर परिवारलाई श्रमको विभाजन गरी श्रमदानका लागि परिचालन गर्न सकिनेछ ।

(३) श्रमदान गर्न असक्षम व्यक्तिहरू (अपांगता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धाहरू, दीर्घरोगीहरू आदि) ले भने श्रमदान गर्न पर्नेछैन ।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनु पर्नेछ ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाइनबाट घरको धारा सम्मको पाइपलाइन खनाई, १०० मिटर भन्दा बढी थप पाइप लाग्ने भए सो पाइप, मिटर तथा धारामा जि आई पाइप, टुटी लगायतका सामाग्रीहरू सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ ।

**२७. उपभोक्ता समितिको मर्मत सम्भार तथा व्यवस्थापन कोष रहनेः** (१) उपभोक्ता समितिको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क, उपमहानगरपालिका र विभिन्न निकाय तथा संघ/संस्थाबाट प्राप्त रकम र कानुन बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपभोक्ता संस्था/समितिले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारका लागि उपमहानगरपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ/संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन् ।

## परिच्छेद — ७
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**२८. अनुमतिपत्र लिनुपर्नेः** (१) यस उपमहानगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम उपमहानगरपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रूपमा सामूहिक प्रयोजनका लागि खानेपानी उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थाद्वारा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) यस उपमहानगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा उपमहानगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस

उपमहानगरपालिका समक्ष अनुसूची ३ मा उल्लेख गरिएका कागजातसहित सोही अनुसूचीको  ढाँचा बमोजिम निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरू पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनुपर्नेछ ।

**२९. अनुमतिपत्र दिनुपर्नेः** (१) दफा २८ को उपदफा (३) बमोजिम परेको निवेदनमा उपमहानगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरू समेत उल्लेख गरी निवेदकलाई अनुसूची ४ बमोजिम अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गरिसके पछि प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने छ । उपमहानगरपालिकाले तोकेको दस्तुर लिई अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यावसायिक तथा औद्योगिक रूपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

**३०. नवीकरण गर्नु पर्नेः** (१) दफा २८ बमोजिम अनुमति प्राप्त संगठित तथा सञ्चालित खानेपानी समूह/उपभोक्ता समिति मार्फत सञ्चालन भएका खानेपानी संस्थाहरू उपमहानगरपालिकाले आवश्यक अनुगमन गरी खानेपानी समूह/उपभोक्ता समिति मार्फत वितरित पानी परीक्षण र गुणस्तरको प्रमाण पत्र र नवीकरण गर्नुपर्ने अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण र साधारण सभाको निर्णय सहित कागजात पेश भएमा उपमहानगरपालिकाले तोके बमोजिमको दस्तुर लिई नवीकरण गरिदिनुपर्नेछ । तर यो ऐन लागू हुनुपूर्व जिल्ला जलस्रोत समितिमा दर्ता भई संघीय सरकारले नवीकरण गर्नु नपर्ने

भनी निर्णय भएका संस्थाहरूको हकमा वार्षिक लेखा परीक्षण प्रतिवेदन तथा साधारण सभाको निर्णय उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ तर नवीकरण भने गर्नुपर्ने छैन ।

**३१. अनुमतिपत्र प्रदान नगरिनेः** (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा व्यवस्था गरिएको भएपनि अनुमति पत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रूपमा खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा मागअनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो समिति विघटन भएमा वा अनुमतिपत्र प्राप्त समितिको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमति पत्र प्रदान गर्न सकिने छ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

**३२. अनुमतिपत्र खारेजः** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रूपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमति पत्रमा उल्लिखित समयभित्र खोनपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा उपमहानगरपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा उपमहानगरपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि उपमहानगरपालिकाले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई १५ दिनको समय दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद ८
## विविध

**३३. लेखा परीक्षण तथा साधारणसभाः** (१) यो ऐन बमोजिम अद्यावधिक भएका तथा दर्ता भएका उपभोक्ता संस्था/समितिहरूले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्रमा साधारण सभाबाट नियुक्त इजाजत प्राप्त लेखा परीक्षकबाट आ-आफ्नो संस्थाको वार्षिक हिसाबकिताबको अन्तिम लेखा परीक्षण गराई अनिवार्य रूपमा साधारण सभा सम्पन्न गर्नुपर्नेछ ।

(२) साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र लेखापरीक्षण प्रतिवेदनसहित साधारण सभाको निर्णयको प्रतिलिपि उपमहानगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**३४. कसुर र सजाय :** (१) खानेपानी तथा सरसफाइ सम्बन्धी कसुरको निर्धारण र दण्ड सजाय सम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइ सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) क्षतिपूर्ति भराई दिन सक्नेः अनुमतिपत्र प्राप्त उपभोक्ता संस्था/समिति वा व्यावसायिक संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपभोक्तालाई उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा वा खानेपानीमा उपभोक्ताको मौलिक अधिकार हनन भएको प्रमाणित भएमा त्यस्तो उपभोक्तालाई प्रचलित कानुन बमोजिम क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

**३५. धारा जडान सम्बन्धी व्यवस्थाः** (१) उपभोक्ताहरूले धारा जडानका लागि तोकिएको शुल्कसहित दिएको आवेदन उपर छानविन गरी धारा जडान गरिदिने अधिकार उपभोक्ता संस्था/समितिमा रहनेछ ।

(२) संस्थाको सेवाक्षेत्रसँग जोडिएका अन्य वडा तथा पालिकाका उपभोक्ताहरूले धारा माग गरेमा त्यस्ता क्षेत्रमा धारा जडान गरिदिन सक्नेछ ।

**३६. सूचना अभिलेख प्रणाली :** (१) उपमहानगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सम्बन्धी तथ्याङ्क अध्यावधिका लागि सूचना प्रविधिको प्रयोग गर्नुपर्नेछ ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी तथ्याङ्क अध्यावधिका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्नुपर्नेछ ।

**३७. योजना निर्माण :** उपमहानगरपालिकाले उपभोक्ता समिति र सरोकारवाला निकाय तथा संघसंस्थाहरूसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्डअनुसार आफ्नो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

**३८. विवरण उपलब्ध गराउने :** (१) उपमहानगरपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत देहायको विवरणहरू सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रूपमा उपलब्ध गराउने छ ।

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थाहरूको संख्या र सोबाट लाभान्वित जनसंख्या,

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित समितिको संख्या र सो बाट लाभान्वित जनसंख्या,

(ग) संघीय सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरू ।

(२) उपदफा (१) को प्रयोजनका लागि उपमहानगरपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका सम्पूर्ण विषयहरू प्रष्ट रूपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरू आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइ सम्बन्धी विद्युतीय एकीकृत नक्सामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ ।

**३९. पुरस्कारसम्बन्धी व्यवस्थाः** खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ, संस्था/समिति वा समुदायलाई उपमहानगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**४०. निर्देशन दिन सक्ने :** उपमहानगरपालिकाले उपभोक्ता संस्था/समिति वा सेवा प्रदायक अन्य व्यावसायिक संघ/संस्थालाई खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**४१. अधिकार प्रत्यायोजन :** उपमहानगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

**४२. खानेपानी आयोजना र संरचनाको हस्तान्तण :** (१) उपमहानगरपालिकामा संघीय सरकार, प्रदेश सरकार र उपमहानगरपालिकाले आफैं वा उपभोक्ता संस्था/समितिसँग संयुक्त रूपमा विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सो सम्बन्धी संरचनाहरू खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरू उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरू पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

**४३. नियम बनाउन सक्ने :** (१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

**४४. कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने :** (१) यस ऐन र ऐन बमोजिम बनेको नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

**४५. संक्रमणकालीन व्यवस्था :** (१) उपमहानगरपालिका क्षेत्रभित्र संघीय खानेपानी तथा सरसफाइ ऐन, २०७९ जारी हुनु अगावै सञ्चालनमा रहेको खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समिति यस ऐन अन्तर्गत तोकिएको समयावधिभित्र मनासिब कारण बाहेक अद्यावधिक हुन नआएमा उपमहानगरपालिकाले त्यस्ता संस्थाहरूलाई कारवाही गर्नेछ ।

**४६. खारेजी र बचाउ :** (१) यो ऐन जारी हुनु भन्दा अगाडि नगर सभा/कार्यपालिकाबाट निर्णय भइ खानेपानी र सरसफाइ सम्बन्धमा भए/गरेका काम कारवाहीहरू साथै उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिहरूले आ-आफ्नो विधानबमोजिम गरेका कार्यहरू यसै ऐन बमोजिम भए/गरेको मानिनेछ ।

## अनुसूची - १

(दफा १२ को उपदफा ३ सँग सम्बन्धित)

## खानेपानी तथा सरसफाइ संस्थाको दर्ता वा सूचीकृत हुनका लागि पेश गर्नुपर्ने निवेदनको नमूना

मितिः .............

श्रीमान अध्यक्षज्यू, खानेपानी व्यवस्थापन समन्वय समिति
इटहरी उपमहानगरपालिका, सुनसरी, कोशी प्रदेश ।

**विषयः खानेपानी तथा सरसफाइ संस्था दर्ता/ सूचीकृत गरी पाऊँ ।**

महोदय,

उपरोक्त विषयमा यस उपमहानगरपालिकाको वडा नं.......मा सञ्चालनमा रहेको / सञ्चालन गर्ने .................खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/संस्थाको विधान दुई प्रति र कार्यसमितिको पदाधिकारीको नामावली तथा नागरिकताको फोटोकपी तथा सोसँग सम्बन्धित कार्य योजना प्रतिवेदन लगायतका कागजातहरू साथै राखी यो निवेदन पेश गरिएको छ । नियमानुसार संस्था दर्ता गरी पाऊँ ।

**निवेदकः**

संस्थाको नामः

अध्यक्षको नामः

हस्ताक्षरः .....................

## अनुसूची - २

(दफा १२ को उपदफा ४ सँग सम्बन्धित)

## खानेपानी तथा सरसफाइ संस्थाको दर्ता वा सूचीकृत भएको प्रमाणपत्रको

## नमूना

दर्ता नंः .....................                                        मितिः ....................

### खानेपानी तथा सरसफाइ संस्थाको दर्ता / सूचीकृत प्रमाणपत्र

प्रस्तुत विषयमा इटहरी उपमहानगरपालिका वडा नं.... मा रहेको ......................... खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/ संस्था/ आयोजना मिति...............मा यस कार्यालयमा प्राप्त निवेदन बमोजिम यस उपमहानगरपालिकाको क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्नका लागि इटहरी उपमहानगरपालिकाको खानेपानी तथा सरसफाइ ऐन, २०८२ बमोजिम गठित समन्वय समितिको मिति २०....../.... / ..... को निर्णय बमोजिम संस्थाको कार्य क्षेत्र र क्षेत्राधिकार यसैसाथ संलग्न राखी संस्था दर्ता वा सूचीकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र प्रदान गर्नेको हस्ताक्षरः

...........................

नाम, थरः

पदः

दर्ता गर्ने
अधिकारीः

## अनुसूची - ३

(दफा २८ को उपदफा ३ सँग सम्बन्धित)

**व्यावसायिक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन वा स्रोत उपयोगको अनुमतिपत्र पाउन दिइने दरखास्त/निवेदनको नमूना**

मितिः ....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
इटहरी उपमहानगरपालिका
इटहरी, सुनसरी ।

**विषयः खानेपानी तथा सरसफाइ सेवा सञ्चालन / स्रोत उपयोगको अनुमतिपत्रका लागि निवेदन सम्बन्धमा ।**

महोदय,

यस इटहरी उपमहानगरपालिका क्षेत्रभित्र व्यापारिक/व्यावसायिक/औद्योगिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न / खानेपानीको स्रोत उपयोग गर्न इच्छुक भएकोले 'इटहरी उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२' को दफा २८ को उपदफा (३) तथा प्रचलित कानुनबमोजिम देहायका सम्पूर्ण विवरण र आवश्यक कागजातहरू संलग्न गरी अनुमतिपत्र प्राप्त गर्न यो दरखास्त पेश गरेको छु/गरेका छौं ।

**१. दरखास्तवाला (निवेदक) संस्था/कम्पनीको विवरणः**

(क) संस्था/कम्पनी वा व्यक्तिको नामः

(ख) प्रचलित कानुनबमोजिम दर्ता भएको निकाय, दर्ता नम्बर र मितिः

(ग) संस्थाको स्थायी लेखा नम्बर (PAN/VAT):

(घ) मुख्य कार्यालय रहेको ठेगानाः

(ङ) आधिकारिक सम्पर्क व्यक्तिको नाम, पदः

(च) सम्पर्क नम्बर (टेलिफोन/मोबाइल) र इमेलः

## २. प्रस्तावित आयोजना तथा सेवाको प्राविधिक विवरणः

(क) आयोजना/सेवाको नामः

(ख) सेवा सञ्चालन गरिने स्थान (वडा नं., टोल/बस्ती):

(ग) उपयोग गरिने खानेपानीको स्रोतको नाम र प्रकार (सतही/भूमिगत/मूल/नदी आदि):

(घ) स्रोत रहेको स्थान (सकेसम्म अक्षांश र देशान्तरसहित):

(ङ) स्रोतबाट दैनिक रूपमा उपयोग वा उत्खनन गरिने पानीको अनुमानित परिमाण (लिटर वा घनमिटरमा):

(च) खानेपानी शुद्धीकरण वा प्रशोधनका लागि प्रयोग गरिने प्रविधिः

(छ) सेवाको मुख्य प्रयोजन (वितरण, प्रशोधन, औद्योगिक प्रयोग, बोटलिङ आदि):

## ३. आर्थिक तथा व्यवस्थापकीय विवरणः

(क) आयोजनाको कुल अनुमानित लागतः रु. ........................................

(ख) वित्तीय स्रोतको व्यवस्थापन (स्वपुँजी/ऋण/अन्य):

(ग) सेवा सञ्चालनपश्चात् लाभान्वित हुने अनुमानित घरधुरी वा जनसङ्ख्याः

(घ) उपभोक्ताबाट लिइने प्रस्तावित महसुल वा सेवा शुल्कको दर (अनुमानित):

## ४. वातावरणीय तथा सामाजिक प्रभावसम्बन्धी विवरणः

(क) आयोजनाबाट स्थानीय वातावरणमा पर्न सक्ने सम्भावित असर र न्यूनीकरणका उपायहरूः

(ख) स्थानीय समुदायले परम्परागत रूपमा प्रयोग गर्दै आएको स्रोतमा असर पर्ने/नपर्ने (असर पर्ने भए क्षतिपूर्ति वा वैकल्पिक व्यवस्थाको योजना):

## ५. दरखास्तसाथ संलग्न गरिएका कागजातहरूः

(क) संस्था/कम्पनी दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावली (विधान) को प्रमाणित प्रतिलिपि ।

(ख) कर दर्ता प्रमाणपत्र (PAN/VAT) र अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ग) आयोजनाको प्राविधिक तथा आर्थिक सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Report) को प्रतिलिपि ।

(घ) स्थानीय समुदाय वा साविकका उपभोक्तासँग कुनै सम्झौता वा सहमति भएको भए सोको प्रतिलिपि ।

(ङ) अनुमतिपत्र दस्तुर बापत रु. ................ (अक्षरेपी .................................) यस उपमहानगरपालिकाको राजस्व खातामा जम्मा गरेको बैंक भौचर वा नगदी रसिद ।

## ६. दरखास्तवालाको कबुलियत तथा प्रतिबद्धताः

माथि उल्लिखित सम्पूर्ण विवरणहरू सत्य तथ्य हुन् । यस आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्दा नेपाल सरकार र इटहरी उपमहानगरपालिकाले तोकेको खानेपानीको गुणस्तर, सरसफाइको मापदण्ड र ऐन/नियमहरूको पूर्ण रूपमा पालना गर्नेछु/गर्नेछौं । कुनै विवरण झुठा ठहरेमा वा सर्त उल्लङ्घन गरेमा कानुनबमोजिम हुने सजाय वा अनुमतिपत्र खारेजीको कारबाही सहुँला/बुझाउँला भनी मञ्जुर भई यो दरखास्त पेश गरेको छु/छौं ।

दरखास्तवालाको तर्फबाट अधिकारप्राप्त व्यक्तिकोः

दस्तखतः ...........................................

नाम, थरः ...........................................

पदः ...........................................

संस्था/कम्पनीको छापः

मितिः ...........................................

**अनुसूची - ४**

(दफा २९ को उपदफा १ सँग सम्बन्धित)

**व्यावसायिक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन वा स्रोत उपयोगको अनुमतिपत्रको नमूना**

# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी, कोशी प्रदेश

अनुमति पत्र नंः ..................... मितिः ....................

**विषयः खानेपानी तथा सरसफाइ सेवा सञ्चालन / स्रोत उपयोगको अनुमतिपत्र ।**

यस उपमहानगरपालिका क्षेत्रभित्र व्यापारिक/व्यावसायिक/औद्योगिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न / खानेपानीको स्रोत उपयोग गर्नका लागि तपाईंले मिति २०.../..../.... मा यस कार्यालयमा दिनुभएको दरखास्त उपर आवश्यक जाँचबुझ गर्दा मागबमोजिमको सेवा सञ्चालन गर्न उपयुक्त देखिएकोले 'इटहरी उपमहानगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२' को दफा २९ को उपदफा (१) तथा प्रचलित सङ्घीय र प्रादेशिक कानुनबमोजिम देहायका सर्तहरूको अधीनमा रहने गरी यो अनुमतिपत्र प्रदान गरिएको छ ।

**१. अनुमतिपत्र प्राप्त गर्ने संस्था/कम्पनीको विवरणः**

(क) दर्ता नम्बर र मिति (कम्पनी/घरेलु/अन्य):

..............................................................

(ख) स्थायी लेखा नम्बर (PAN/VAT):

..........................................................................

(ग) आधिकारिक सम्पर्क व्यक्ति र फोन नम्बरः

...............................................................

**२. सेवा सञ्चालन तथा प्राविधिक विवरणः**

(क) आयोजना/सेवाको नामः

...........................................................................................

(ख) सेवा सञ्चालन गर्ने क्षेत्र (वडा/टोल):

.........................................................................

(ग) उपयोग गर्न पाउने खानेपानीको स्रोत (नाम र स्थान):

..................................................

(घ) स्रोतबाट दैनिक उपयोग/उत्खनन गर्न पाउने अधिकतम परिमाणः

...................................

(ङ) सेवाको मुख्य प्रयोजनः

................................................................................................

**३. अनुमतिपत्रको अवधि र नवीकरणः**

(क) यो अनुमतिपत्र जारी भएको मितिले १ (एक) वर्ष अर्थात् मिति २०.../..../.... सम्मका लागि मात्र कायम रहनेछ ।

(ख) अवधि समाप्त हुनुअघि नै ऐनको दफा ३० बमोजिम तोकिएको दस्तुर बुझाई यसको नवीकरण गराइसक्नुपर्नेछ ।

**४. अनुमतिपत्र प्राप्त संस्थाले पालना गर्नुपर्ने अनिवार्य सर्तहरूः**

(क) गुणस्तरको सुनिश्चितताः खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दा नेपाल सरकार र यस उपमहानगरपालिकाले तोकेको राष्ट्रिय खानेपानी गुणस्तर तथा सरसफाइ मापदण्डको पूर्ण रूपमा पालना गर्नुपर्नेछ । समय-समयमा पानीको गुणस्तर परीक्षण गराई सोको प्रतिवेदन उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ख) महसुल तथा शुल्कः उपमहानगरपालिकाको नगर कार्यपालिकाले निर्धारण वा स्वीकृत गरेको महसुल वा सेवा शुल्कभन्दा बढी रकम उपभोक्ताबाट लिन पाइने छैन ।

(ग) स्रोतको संरक्षण र वातावरणीय दायित्वः पानीको स्रोत उपयोग गर्दा वातावरणीय सन्तुलन बिग्रन नदिने तथा स्रोतको दिगो संरक्षणमा ध्यान दिनुपर्नेछ । स्वीकृत परिमाणभन्दा बढी पानी उत्खनन वा उपयोग गर्न पाइने छैन ।

(घ) स्थानीय समुदायको अधिकारः स्थानीय समुदायले परम्परागत रूपमा उपयोग गर्दै आएको पानीको स्रोत र परिमाणमा कुनै पनि प्रकारको कटौती हुने वा प्रतिकूल असर पर्ने कार्य गर्न पाइने छैन ।

(ङ) नियमित र अविच्छिन्न सेवाः उपभोक्तालाई नियमित, स्वच्छ, सुरक्षित र भरपर्दो सेवा उपलब्ध गराउनुपर्नेछ । कुनै प्राविधिक कारणले सेवा अवरुद्ध हुने अवस्था आएमा उपभोक्ता र उपमहानगरपालिकालाई पूर्वजानकारी गराउनुपर्नेछ ।

(च) अनुगमन तथा निरीक्षणः उपमहानगरपालिका वा अधिकारप्राप्त निकायबाट खटिएका प्रतिनिधिले जुनसुकै बखत आयोजना स्थल, प्रशोधन केन्द्र वा कार्यालयको अनुगमन तथा निरीक्षण गर्न सक्नेछन् । सो कार्यमा आवश्यक सहयोग गर्नु र मागिएका कागजात/विवरण उपलब्ध गराउनु संस्थाको दायित्व हुनेछ ।

(छ) कानुनी पालनाः यस ऐन, नियमावली, सङ्घीय तथा प्रादेशिक कानुन र उपमहानगरपालिकाले समय-समयमा जारी गरेका निर्देशनहरूको पूर्ण पालना गर्नुपर्नेछ । उल्लिखित सर्तहरू वा प्रचलित कानुनको उल्लङ्घन भएको पाइएमा जुनसुकै बखत यो अनुमतिपत्र रद्द वा खारेज हुनेछ ।

**अनुमतिपत्र प्रदान गर्ने अधिकारीको,**

हस्ताक्षरः ....................................

नाम, थरः ....................................

पदः ....................................